बेलका नगरपालिका

# साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

२०७७ सालको कार्यविधि नं. .....

प्रमाणीकरण र प्रकाशन मितिः २०७७। १० । २९

## प्रस्तावना

आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत जीवनस्तरमा सुधार गरी गरिवी निवारण गर्ने उद्देश्यले सरकारी वा गैह्रसरकारी संघ संस्था वा निजी क्षेत्र र नगरपालिका वीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न बेलका नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐनको दफा २५ र २६ लाई कार्यान्वयन गर्न यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद १

## सक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. यस कार्यविधिको नाम बेलका नगरपालिका साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ रहेको छ ।

२. यो कार्यविधि नगर सभाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

३. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा

क) “कार्यविधि” भन्नाले बेलका नगरपालिका साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ ।

ख) “कार्यक्रम” भन्नाले साझेदारी कार्यक्रमलाई सम्झनु पर्दछ ।

ग) “नगरपालिका ” भन्नाले बेलका नगरपालिका सम्झनु पर्दछ ।

घ) “कार्यालय ” भन्नाले बेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) “साझेदारी” भन्नाले स्थानीय तह, गैह्रसरकारी संघसंस्था, सामुदायिक संघसंस्था, दातृ निकाय, सहकारी, निजी क्षेत्र, उपभोक्ता समिति आदि समेतसँग संयुक्त लगानीमा गरिने काम वा योजनालाई सम्झनु पर्दछ ।

च) “कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति” भन्नाले नगरपालिका प्रमुखको अध्यक्षतामा गठित दफा १२ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

छ) "प्राविधिक समिति" भन्नाले नगरपालिका साझेदारी कार्यक्रमको लागि पेस गरिएको प्रस्ताव छनौट गर्न गठित दफा १४ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

ज) "कार्यक्रम सम्पर्क व्यक्ति" भन्नाले नगरपालिकाको तर्फवाट साझेदारी कार्यक्रममा सहजिकरण गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

झ) "गैह्रसरकारी संस्था" भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्थालाई सम्झनु पर्दछ ।

ञ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## साझेदारी कार्यक्रमका क्षेत्र

४. साझेदारी कार्यक्रम संचालन हुने क्षेत्र देहायअनुसार हुनेछनः

क) शिक्षा

ख) स्वास्थ्य

ग) कृषि

घ) पशु पन्छी विकास

ङ) भौतिक पुर्वाधार

च) विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

छ) खानेपानी तथा सरसफाई

ज) रोजगारी तथा स्वरोजगार सृजना

झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना

ञ) वन तथा वातावरण संरक्षण

ट) संस्थागत विकास तथा सुशासन

ठ) सहकारी संस्थाहरुको सवलीकरण

ड) स्थानीय उत्पादनको बजारीकरण

ढ) अन्य

## परिच्छेद ३

## कार्यक्रमको संचालन

५. कार्यक्रम छनौटः

क) साझेदारी कार्यक्रमको लागि कार्यक्रमको ढाँचा ( एक बर्षिय वा बहुबर्षिय) र नगरपालिका तथा प्रस्तावकले गर्नु पर्ने न्यूनतम योगदान सहितको कार्यक्रम नगरकार्यपालिका विषयगत समितिहरुवाट सिफारिस भई कार्यपालिकाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु नगरसभाबाट अनुमोदन हुनु पर्नेछ ।

ख)साझेदारी कार्यक्रम अन्य स्थानीय तह/प्रदेश तथा संघीय सरकार/दातृ निकाय/गैह्रसरकारी संघसंस्था/सामुदायिक संघसंस्था÷निजी क्षेत्र वा उपभोक्ता समिति लगायत अन्य बिकास साझेदारहरुसँग मिलेर पनि सञ्चालन गर्न सकिनेछ ।

६. प्रस्तावको ढाँचाः साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि माग गरिने प्रस्तावको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

७. साझेदारीको हिस्साः साझेदारी गर्न चाहने स्थानीय तह/दातृ निकाय/गैह्रसरकारी संघसंस्था/सामुदायिक संघसंस्था/सहकारी/निजी क्षेत्र वा उपभोक्ता समितिले कार्यक्रम तर्फ कम्तीमा २५ प्रतिशत साझेदारी गर्नुपर्नेछ ।

८. सालवसाली वा बहुवर्षीय हुनेः साझेदारी कार्यक्रम नगरसभाको निर्णय बमोजिम सालबसाली वा बहुवर्षीय हुनेछ । तर कार्यक्रमको वार्षिक उपलब्धीको आधारमा अर्को वर्षको कार्यक्रम थप गर्ने वा नगर्ने निर्णय नगरसभाले गर्नेछ ।

९.बजेट व्यवस्थाः साझेदारी कार्यक्रमको लागि साझेदारहरुले अनिवार्य रुपमा सम्झौता बमोजिमको बजेटको व्यवस्था गर्नुपर्नेछ ।

१०.कार्यान्वयनको जिम्मेवारीः साझेदारी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी कस्को हुने भन्ने निर्णय सम्झौतामा निर्धारण भए बमोजिम हुनेछ ।

## परिच्छेद ४

## प्रस्ताव छनौटका मापदण्ड

११. साझेदारी कार्यक्रमको प्रस्ताव छनौटका मापदण्ड देहायबमोजिम हुनेछन्—

क) साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, कार्यानुभव पत्र, समाज कल्याण परिषद्मा आवद्ध भएको पत्र (आवद्ध हुनु पर्नेहरुको हकमा), विधान (विधान हुनेको हकमा) को प्रतिलिपि प्रस्तावसाथ पेश गर्नु पर्नेछ ।

तर यस प्रावधानले स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारहरुसँग उक्त कागजात नभए पनि साझेदारी कार्यक्रम सञ्चालन गर्न बाधा पुर्याएको मानिने छैन ।

ख) सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको अनुभव भएको ।

ग) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार पेश गरेको ।

घ) साझेदारी कार्यक्रम सञ्चालनको लागि लक्ष्य, उद्देश्य र लजिकल फ्रेमवर्क (**Project Logical Framework**) सहितको प्रस्ताव पेश गरेको तथा लक्ष्य र उद्देश्य हाँसिल गर्न सक्ने स्पष्ट क्रियाकलाप तय गरेको हुनु पर्नेछ ।

परिच्छेद ५

व्यवस्थापन

१२.साझेदारी कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको नगरपालिका स्तरीय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति रहनेछः

क) नगर प्रमुख — अध्यक्ष

ख) उप प्रमुख — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) कार्यक्रम संचालन भएका वडाका वडा अध्यक्षहरु — सदस्य

ङ) साझेदार संस्थाले तोकेका संस्थाका प्रतिनिधि २ जना — सदस्य

च) सम्बन्धित विषयगत शाखा प्रमुख — सदस्य सचिव

झ) समितिले आवस्यकता अनुसारका पदाधिकारी, कर्मचारी,व्यक्ति थप आमन्त्रण गर्न सक्नेछ ।

१३. कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ—

क) कार्यक्रम सञ्चालनको विधि र रुपरेखा नगरसभाले निर्धारण गरे बमोजिम कार्यान्वियन भए नभएको अनुगमन गर्ने ।

ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम मूल्यांकन तथा प्रगतिको आधारमा भुक्तानीको लागि काम सम्पन्न भएको मितिले सामान्यतया ७ दिन भित्रमा सिफारिस गर्ने ।

घ) कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

## परिच्छेद ६

## प्राविधिक समिति

१४. साझेदारी कार्यक्रमको लागि पेश गरिएका प्रस्तावहरुको मूल्यांकन गरी छनौटको सिफारिस गर्न देहायबमोजिमको साझेदारी कार्यक्रम प्रस्ताव छनौट प्राविधिक समिति गठन गरिने छः

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत — संयोजक

ख) योजना शाखा प्रमुख — सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

घ) प्राविधिक शाखा प्रमुख — सदस्य

ङ) संवन्धित शाखाको प्रमुख — सदस्य सचिव

***समितिले आवस्यकता अनुसार पदाधिकारी तथा तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।***

१५.काम कर्तव्य र अधिकारः प्रस्ताव छनौट प्राविधिक समितिले सार्बजनिक खरिद ऐन नियमावली तथा नगर कार्यपालिकावाट निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गरी कार्यपालिकामा पेश गर्नेछ ।

## परिच्छेद ७

## सम्पर्क व्यक्ती तथा काम कर्तव्य व्यवस्था

१६) सम्पर्क व्यक्तीको व्यवस्थाः प्रमुख प्रशासकीय अधिकृतले साझेदारी कार्यक्रम हेर्ने सम्वन्धित शाखा प्रमुखलाई देहायका काम कर्तव्य र अधिाकार सहित सम्पर्क व्यक्ति तोक्नेछ । सम्पर्क व्यक्तिको काम कर्तव्य र अधिकारः—

१) साझेदार सस्थाले टोल र वस्तीवाट साझेदारी कार्यक्रम छनौट, कार्यान्वयन तथा अनुगमन कार्यमा सहयोग गर्ने ।

२) साझेदारी कार्यक्रम सञ्चालन, व्यवस्थापन, अनुगमन र सहजिकरण कार्यक्रमको नगर स्तरीय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति र प्राविधिक समिति को सदस्य सचिव भै काम गर्ने ।

३) साझेदार सस्थाले सम्पन्न गरेका कार्यक्रमको काम सकिनसाथ अनुगमन गराउने व्यवस्थासहित भुक्तानीका लागि कार्यपालिकामा सिफारिस गर्ने व्यवस्था मिलाउने ।

४) कार्यक्रम सञ्चालनका शिलशिलामा विवाद आएमा समाधानका लागि सुझावसहित व्यवस्थापन तथा अनुगमन समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

५) चौमासिक रुपमा साझेदारी कार्यक्रमको प्रगति समिक्षा गराउने ।

६) नगरपालिका वा नगरकार्यापालिकाले दिएका थप जिम्मेवारी निर्वाह गर्ने ।

## परिच्छेद ८

## सम्झौता, भुक्तानी, अनुगमन तथा मूल्यांकन

१७) सम्झौताः साझेदारी कार्यक्रमको सम्झौता प्रस्ताव छनौट प्राविधिक समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ बमोजिमको ढाँचामा गर्नेछ ।

१८) भुक्तानीः साझेदारी कार्यक्रमको भुक्तानी देहायबमोजिम हुनेछ —

क.सम्झौता भए पश्चात् कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्थाले सामान्यतया १५ दिन भित्र कार्यक्रम सञ्चालन गर्न शुरु गर्नु पर्नेछ । कामको प्रकृति अनुसार काम सम्पन्न भएको प्रतिवेदन र आवश्यक पर्ने सम्पूर्ण विल,भरपाई तथा कागजात प्राप्त भएपछि सामान्यतया ७ दिन भित्र कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिस बमोजिम भुक्तानी गर्नेछ ।

ख.साझेदारी कार्यक्रम बहुवर्षीय भएमा अर्को वर्षको चौमासिक कार्यविभाजन अनुसारको सम्झौता अनुसारको तोकिएका क्रियाकलापहरु सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाइका आधारमा अनुसूचि १७ (क) अनुसार भुक्तानी उपलब्ध गराउनु पर्नेछ ।

१९) अनुगमन तथा मूल्यांकनः साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहायबमोजिम हुनेछ —

क) प्राविधिक समितिले कार्यक्रम सम्पन्न भएको जानकारी पश्चात सामान्यतया ७ दिन भित्र अनुगमन तथा मूल्यांकन गर्नेछ ।

ख) कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन तथा मूल्यांकन गर्नेछ ।

ग) कार्यक्रमको अन्तिम भुक्तानी हुनु अघि नगरपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्नेछ । सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइनेछ ।

घ) साझेदार संस्थाहरुको प्रशासनीक खर्चहरु सम्वन्धित संस्थाले व्यवस्था गर्नु पर्नेछ ।

ङ) कार्यक्रम सञ्चालन गर्दा कुनै पेश्की वा अग्रिम भुक्तानी दिइने छैन ।

## परिच्छेद ९

## विविध

२०) साझेदार संस्था बेलका नगरपालिकाको कार्यक्रम सहयोग इकाईमा अनिवार्य दर्ता हुनुपर्नेछ । बहुवर्षीय कार्यक्रमको हकमा हरेक वर्ष नविकरण हुनुपर्नेछ ।

२१) प्रतिवेदनः साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची ३ बमोजिम ढाँचामा पेश गर्नुपर्नेछ ।

२२) लेखापरीक्षणः कार्यक्रम सम्पन्न भएपश्चात् कार्यक्रमको लेखापरीक्षण प्रचलित कानून बमोजिम नगरपालिकाले गर्नेछ ।

२३) खर्चमा बन्देजः साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरु बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाइने छैन ।

२४) प्रशंसा तथा सम्मानको व्यवस्थाः बेलका नगरपालिकाको मूल्याङ्कनमा राम्रो सहयोग गर्ने साझेदारलाई उचित सम्मान गरिनेछ ।

२५) कसुर र सजायः

क) साझेदारी कार्यक्रमको सम्झौता बमोजिमका कार्यक्रमहरुलाई आम्सिक वा पूर्ण रुपमा निरन्तर गर्न नसकिने ठहर नगरपालिकाले गरेमा सम्वन्धित पक्षलाई उक्त कार्यक्रमहरुको सम्झौता भंग गर्न पर्ने कारण खुलाई ३ महिनाको अग्रिम जानकारी सहित आम्सिक वा पूर्ण रुपमा कार्यक्रम भंग गर्न सक्नेछ । साथै साझेदारको तर्फवाट पनि सम्झौता बमोजिमका कार्यक्रमहरुको निरन्तरता गर्न नसकिने अवस्था आएमा कारण सहित ३ महिना अगाडी जानकारी दिई सम्झौता भंग गर्न सक्नेछ ।

ख) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा मूल्यांकनका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको पक्षसंग सम्झौता भंग गर्ने वा कार्य प्रकृतिको आधारमा प्रचलित कानून बमोजिम कार्यवाहि गराइनेछ ।

२६) पारदर्शिताः साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नुपर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गरिनेछ ।

२७) उत्तरदायित्वः कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।

२८) कर्मचारी सम्वन्धि व्यवस्थाः साझेदार संस्थाले नगरपालिकासंग समन्वय गरी कर्मचारी व्यवस्थापन गर्न सक्नेछ ।

२९) बाधा अडकाउ फुकाउ र व्यख्या गर्न सक्नेः नगरपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधाअड्काउ फुकाउन सक्नेछ ।

अनुसूचीहरु

## अनुसूची १

## कार्यक्रम प्रस्तावको ढाँचा

भाग १. प्राविधिक प्रस्तावना

१. परियोजनाको नाम

२. पृष्ठभूमि (प्रस्तावको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. परियोजनामा लागत सहभागिता कार्यान्वयन विधि

७. परियोजनाका कृयाकलापहरु

८. परियोजना व्यवस्थापन

- व्यवस्थापन संरचना
    - संस्थागत सहकार्य (अनुसूचीमा संस्थागत विवरण र कानुनी दस्तावेजहरु पनि राख्ने)
    - प्रमुख निवेदक र सहायक निवेदकको नाम (यदि भएमा) र जिम्मेवारी बाँडफाँड (करार सम्झौता र अख्तियारी दुवै पक्षको हस्ताक्षरसहित अनुसूचीमा राख्ने)
- परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको समयावधि

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना

१३. परियोजना हस्तान्तरण

१४. बजेट (कुल परियोजना लागतमा संस्थाको लगानी प्रतिशत र लगानीका शीर्षकहरु मात्र उल्लेख गर्ने)

### भाग २. आर्थिक प्रस्तावना

- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

भाग ३. प्राविधिक प्रस्तावना साथ पेश गर्नुपर्ने कागजात

१. संस्थागत विवरण (पृष्ठभूमि सहित) ।

२. संस्थाका कार्यानुभव पत्रहरु ।

३. संस्थाले सहकार्य गरेका दातृ निकायहरु ।

४. संस्थाको दर्ता, नवीकरण, अवद्धता र स्थायी लेखा नम्बर ।

५ पछिल्ला २ वर्षको लेखापरीक्षण प्रतिवेदन र करचुक्ता ।

६. संस्थाका कानुनी दस्तावेजहरु (विधान, प्रबन्धपत्र, विनियम, नीति, नियमावली, रणनीति, आदि) ।

७. लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार देखिने कागजात ।

८.सम्युक्त उपक्रम (व्यष्लत ख्भलतगचभ) मा प्रस्तावना पेश गर्ने भएमा संस्थाहरुको भूमिका स्पष्ट खुल्ने कागजात ।

९.प्रस्ताव पेश गर्ने अख्तियार प्राप्त व्यक्तीको नागरिकताको प्रतिलिपि ।

अनुसूची २

कार्यक्रम सम्झौताको ढाँचा

श्री बेलका नगरपालिका (यसपछिको पहिलो पक्ष मानिने) र ..............................(यस पछि दोस्रो पक्ष मानिने गैरसरकारी संस्था ) को संयुक्त साझेदारीमा सञ्चालन गर्न लागिएको ........................................................ कार्यक्रम अन्तर्गतका स्वीकृत प्रस्तावना बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नका लागि तपसिलका सर्तहरू समेत पालना गर्ने गरी प्रथम पक्ष र दोस्रो पक्षका बीच तपसिल बमोजिमको सहमति भई सहकार्यमा कार्य गर्न गराउन मन्जुर गर्दछौ ।

तपसिल

१. दोस्रो पक्षले प्रस्तावमा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले १५ दिनभित्र सुरु गर्नुपर्नेछ ।

२. पहिलो पक्षले नियमित रूपमा कार्यक्रम सञ्चालन तथा स्रोतहरू को उपयोग, तथ्याङ्क रेकर्डिङ आदिको अनुगमन गरी कार्यक्रमलाई सफल पार्न सहजकर्ताको भूमिका निर्वाह गर्नेछ ।

३. कार्यक्रम सञ्चालन र प्रवर्द्धनको लागि स्थानीय तह तथा अन्य सरोकारवाला सङ्घ संस्थाहरूसँग स्रोत व्यवस्थापन एवम् परिचालनमा दोस्रो पक्षले समन्वय र सहकार्य गर्नु पर्नेछ ।

४. यस सम्झौतामा उल्लेख भएका नियमहरू यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरू प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

५. यस सम्झौता लाई साझेदारीको सैद्धान्तिक सम्झौता मानी यसको पुरकका रुपमा परियोजनाको विस्तृत गतिविधि बजेट र अन्य कुराहरु उल्लेख भएको सम्झौता पत्र तयार गरि हस्ताक्षर गरि लिने दिने गरिनेछ ।

६. यस कार्यक्रम सञ्चालन गर्नको लागि मुख्य आधार नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७७ हुनेछ ।

७. दुवै पक्षको सहमतिमा आवश्यकता अनुसार सम्झौताको पुनरावलोकन गर्न सकिनेछ ।

८.कुनै विवाद भएमा यसै सम्झौतामा समावेश भएका बिषयहरु यसै बमोजिम र अन्य बिषयहरु करार कानून बमोजिम हुनेछ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| बेलका नगरपालिकाको तर्फबाट सहि गर्नेको | गैरसरकारी संस्थाको तर्फबाट सही गर्नेको |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पद |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |
| साक्षीः | साक्षीः |
| पहिलो पक्षको पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः नगर प्रमुख | पदः |

साक्षीः

दस्तखतः

नामः पदः नगर उप–प्रमुख मितिः

अनुसूची ३

प्रस्तावना आव्हान सम्बन्धि सूचनाको नमूना

बेलका नगरपालिकामा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम सञ्चालनकालागि प्रस्ताव आव्हान सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७...। ।

यस नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बनेको बेलका नगरपालिकाकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधिनमा रहि कार्यक्रम सञ्चालनका लागि गैरसरकारी संस्थासंग कार्यक्रममा कम्तिमा २५ प्रतिशत लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत यस नगपालिकाको नगरसभाबाट स्विकृत कार्यविधिमा तोकेका शर्त वमोजिम कार्य गर्न ईच्छुक बेलका नगरपालिकामा सूचिकृत भएका गैर सरकारी संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न आव्हान गरिएको छ ।

प्रस्तावनाको ढाँचा र अन्य थप जानकारीका लागि बेलका नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

थप जानकारीका लागि सम्पर्कः

बेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर,वेब साईटः

(www.belakamun@gmail.com)

belakamun@gmail.com

सम्पर्क नं: बेलका नगरपालिका

## अनुसूची ४

## प्रगति प्रतिवेदनको ढाँचा

१ कार्यक्रमको पृष्ठभूमि
२ लक्ष्य र उद्देश्य
३ कार्यक्षेत्र
४ कार्यान्वयन प्रक्रिया
५ सम्पन्न क्रियाकलाप
६ उपलब्धी (भौतिक तथा वित्तीय)
७ सुधारात्मक पक्ष र सिकाई
८ समस्या तथा सवालहरु
९ आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
१० निष्कर्ष